नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

## प्रेस विज्ञप्ति

मिति : ...............................

आज मिति २०७३/०६/३० गतेका दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीज्यूको संयोजकत्वमा गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको काम कारवाहीमा सहयोग पुऱ्याउने सम्बन्धमा छलफल भई देहाय बमोजिम निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

निर्णयहरु:

१. गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको काम कारवाहीलाई प्रभावकारी बनाउदै शीघ्र कार्यसम्पन्न गर्ने प्रयोजनार्थ प्रत्येक नगरपालिकाको वडागत रूपमा जनसंख्याको विवरण संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ३ दिन भित्र सो आयोगलाई उपलब्ध गराउने ।

२. प्रत्येक गाउँ विकास समिति र ईलाकागत जनसंख्याको विवरण संघीय मामिला तथा स्थानीय विकास मन्त्रालले गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगलाई ३ दिनभित्र उपलब्ध गराउने ।

३. उपरोक्त विवरणका अतिरिक्त अन्य निकायबाट समेत विवरण आवश्यक भएमा आवश्यकता अनुसार नेपाल सरकारका सम्बद्ध निकायहरूसँग समन्वय गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगलाई आवश्यक पर्ने विवरणहरू यथाशीघ्र उपलब्ध गराउने ।

उक्त बैठकमा गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगका अध्यक्ष श्री बालानन्द पौडेल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालयका क्षेत्रीय प्रशासक, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका निमित्त सचिव लगायतका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

..........................................

(चिरञ्जिवी पौडेल)
उपसचिव/सहायक-प्रवक्ता

२०७३ असोज ३०

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np